# <u>कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६</u>

कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषको सञ्चालन गर्न आवश्यक भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायबमोजिमको निर्देशिका बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कोष" भन्नाले नेपाल सरकार, मन्त्रिपरिषद्को संवत् २०७६ साल चैत ९ गतेको निर्णय बमोजिम स्थापना भएको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा ५ बमोजिम गठन हुने कोष सञ्चालक समिति सम्झनु पर्छ।

३. <u>कोषको उद्देश्य</u>ः कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारसम्बन्धी कार्यमा प्रयोग गरिने औषधि, उपकरण, उपचार सामग्रीको आपूर्ति, संक्रमित व्यक्तिहरूको व्यवस्थापन गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, सो कार्यसँग सम्बन्धित जनशक्ति परिचालन र नेपाल सरकारको निर्णयबमोजिम राहत वितरण गर्न आवश्यक स्रोत परिचालन गर्नु कोषको उद्देश्य हुनेछ ।

४. <u>कोषमा जम्मा हुने रकमः</u> (१) कोषमा देहाय बमोजिमको रकम जम्मा गरिने छः-

(क) नेपाल सरकारबाट प्राप्त हुने रकम,

(ख) प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त हुने रकम,

(ग) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,

(घ) सरकारी निकाय वा गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम,

(ङ) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,

(च) कोषको रकम बैङ्कमा राखी आर्जन हुने ब्याज रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (२) विपरीत अर्थ मन्त्रालयको स्वीकृति बिना कसैले रकम प्राप्त गरेमा वा त्यस्तो रकम प्राप्त गर्ने वा सङ्कलन गर्ने प्रयोजनको लागि कुनै काम कुरा गरे वा गराएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(४) कोषको रकम नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

५. **समितिः** (१) कोष सञ्चालन गर्न देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछः-

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - अध्यक्ष

(ख) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सचिव, गृह मन्त्रालय - सदस्य

(घ) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(ङ) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - सदस्य

(च) महालेखा नियन्त्रक - सदस्य

(छ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सामाजिक क्षेत्र हेर्ने) - सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार विशेषज्ञ, विज्ञ वा अन्य सम्बन्धित पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक सञ्चालनसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिको सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारसम्बन्धी कार्यमा प्रयोग गरिने औषधि, उपकरण, उपचार सामग्रीको आपूर्ति, संक्रमित व्यक्तिहरूको व्यवस्थापन गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, सो कार्यसँग सम्बन्धित जनशक्ति परिचालन वा



२०७६।१२।१६

नेपाल सरकारको निर्णय बमोजिम राहत वितरण गर्न आवश्यक रकम सो कार्यमा संलग्न निकायलाई उपलब्ध गराउने,

(ख) कोषको संरक्षणको व्यवस्था मिलाउने,

(ग) कोषको उद्देश्य पूरा गर्न आवश्यक पर्ने अन्य कार्यहरू गर्ने ।

७. <u>रकम खर्च गर्ने सम्बन्धी व्यवस्थाः</u> (१) समितिको निर्णयअनुसार कोषको रकम निकासा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम निकासा गर्दा देहायबमोजिमको कार्यमा खर्च गर्ने गरी निकासा गर्नु पर्नेछः-

(क) कोरोना भाइरस (कोभिड-१९) बाट संक्रमित व्यक्तिको उपचार,

(ख) कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम नियन्त्रण र उपचारमा आवश्यक पर्ने औषधि, उपकरण तथा औषधिजन्य सामग्री खरिद,

(ग) कोरोना भाइरस (कोभिड-१९) संक्रमित व्यक्तिको उद्धार तथा व्यवस्थापन,

(घ) कोरोना भाइरस (कोभिड-१९) रोकथाम, नियन्त्रण तथा उपचारका लागि क्वारेन्टिन निर्माण र सञ्चालन, आइसोलेसन कक्ष निर्माण, अस्पताल निर्माण वा स्तरोन्नति, अस्थायी अस्पताल निर्माण तथा सञ्चालनका लागि आवश्यक जनशक्ति परिचालन र स्वास्थ्य सामग्री व्यवस्थापन,

(ङ) कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नियन्त्रणका लागि गरिएका कार्यबाट प्रभावितलाई राहत उपलब्ध गराउनु पर्ने भएमा निर्धारित मापदण्ड बमोजिम प्रदान गरिने राहत,

(च) कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नियन्त्रण र रोकथामका लागि नेपाल सरकारको निर्णय बमोजिम परिचालित जनशक्तिलाई प्रदान गरिने अतिरिक्त सुविधा तथा सामग्री व्यवस्थापन,

(छ) कोरोना भाइरस (कोभिड-१९) सम्बन्धी सूचना तथा जानकारी सम्प्रेषण तथा प्रकाशन ।

२०७६।१२।१६

(३) कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारको लागि स्थानीय तहमा स्थापना भएको कोषमा हस्तान्तरण हुने रकम सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा सञ्चालनमा रहेको विविध खातामार्फत् उपलव्ध गराउन सकिनेछ ।

(४) कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारको लागि सम्बन्धित निकायले तत्कालै कुनै काम गर्नु पर्ने भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा सञ्चालनमा रहेको विविध खाताको मौज्दातबाट खर्च लेखी पछि कोषबाट सोधभर्ना प्राप्त गर्न सकिनेछ ।

(५) कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारको लागि सम्बन्धित निकायलाई रकम उपलब्ध गराउँदा सो रकम खर्च गर्ने कार्यक्रम र कुनै नर्म्स तोकिएको भए त्यस्तो नर्म्स समेत उपलव्ध गराउनु पर्नेछ ।

(६) यस दफा बमोजिम निकासा भएको रकम जुन प्रयोजनको लागि निकासा भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ।

८. **<u>कोषको सञ्चालन</u>:** (१) कोषको सञ्चालन महालेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

(२) कोषको खाता सञ्चालन महालेखा नियन्त्रकले तोकेको सह महालेखा नियन्त्रक र उप महालेखा नियन्त्रकको संयुक्त दस्तखतबाट हुनेछ ।

९. **<u>कोषको लेखा र लेखा परीक्षण</u>:** (१) कोषको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुरूप राख्नु पर्नेछ।

(२) कोषबाट निकासा प्राप्त गरेको रकमको लेखा सम्बन्धित निकायले नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुरूप राख्नु पर्नेछ।

(३) कोषको आम्दानी, निकासा र खर्चको लेखापरीक्षण गराउने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको हुनेछ ।

(४) कोषको आय व्ययको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

१०. **<u>अनुगमन तथा प्रतिवेदन</u>:** कोषबाट निकासा भएको रकमको उपयोग सम्बन्धमा समितिले अनुगमन, मूल्याङ्कन गर्नु पर्नेछ।

२०७६।१२।१६

